मिति : २०८२/०४/१६. कापा बैठक संख्या: ०२-०८२/८३

बैठक नं. २

आज मिति २०८२ साल श्रावण १६ गते शुक्रबार (ने.सं. ११४५, गुंलाथ्व, अष्टमी) कञ्चन गाउँपालिकाको गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री नवराज ढकालज्यूको अध्यक्षता र तपसिलमा उल्लिखित कार्यपालिका सदस्यहरूको उपस्थितिमा देहायका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्नका लागि बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो।

समय: दिनको ठिक ३:०० बजे।

स्थान: कञ्चन गाउँपालिकाको कार्यालय, बेउरी, रुपन्देही ।

उपस्थिति:

| क्र.स. | हस्ताक्षर | नाम, थर | पद |
|---|---|---|---|
| १ | | श्री नवराज ढकाल | अध्यक्ष |
| २ | | श्री मौसमी थापा मगर | उपाध्यक्ष |
| ३ | | श्री हरिनारायण थारु | कार्यपालिका सदस्य |
| ४ | | श्री टेक बहादुर गुरुङ | कार्यपालिका सदस्य |
| ५ | | श्री टिकाराम सापकोटा | कार्यपालिका सदस्य |
| ६ | | श्री केशर बहादुर खत्री | कार्यपालिका सदस्य |
| ७ | | श्री कुल प्रसाद पौडेल | कार्यपालिका सदस्य |
| ८ | | श्री रन्जना थारू | कार्यपालिका सदस्य |
| ९ | सुकमाया | श्री सुकमयाँ दर्जी | कार्यपालिका सदस्य |
| १० | खगिसरा | श्री खगिसरा शर्मा | कार्यपालिका सदस्य |
| ११ | | श्री शुशीला थापा | कार्यपालिका सदस्य |
| १२ | | श्री कुमारी घर्ती मगर | कार्यपालिका सदस्य |
| १३ | | श्री चित्रलाल तुलाचन | कार्यपालिका सदस्य |
| १४ | | श्री माधव प्रसाद पोखेल | सचिव |

सहयोगीहरु

| | | | |
|---|---|---|---|
| १५ | | श्री गिरीराज अर्याल | प्रशासकीय अधिकृत |
| १६ | | श्री सुवोध ज्ञवाली | इन्जिनियर |
| १७ | | श्री नगेन्द्र मल्ल | कम्प्युटर अपरेटर |
| १८ | | श्री धनपति ज्ञवाली | सचिवालय |
| १९ | Binu | श्री बिनु तरामु | कार्यालय सहयोगी |

CamScanner

मिति : २०८२/०४/१६, का.पा बैठक संख्या: ०२-०८२/८३

प्रमाणित गर्ने

प्रस्तावहरु

२.१ सडक बालबालिका मुक्त पालिका सम्वन्धमा,

२.२ आ.व. २०८२/८३ को दर रेट स्वीकृत गर्ने सम्बन्धमा,

२.३ अध्ययन बिदा सिफारिस सम्बन्धमा ।

निर्णयहरू

२.१. सडक बालबालिका मुक्त पालिका घोषणा सम्बन्धमा,

सामाजिक विकास मन्त्रालय राप्ती उपत्यका(देउखुरी) नेपालको च.नं. ८४१ मिति २०८२/०२/२८ गतेको पत्रानुसार राष्ट्रिय बाल अधिकार परिषद्को मिति २०८२/०१/१७ गतेको प्रत्येक वडा, स्थानीय तह र प्रदेशलाई सडक बालबालिका मुक्त बनाउने तथा घोषणा गर्ने सम्वन्धी गोरखापत्र दैनिकमा सूचना प्रकाशित भई सो सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्ले २०८२ साल आषाढ मसान्तसम्म नेपाललाई सडक बालबालिका मुक्त बनाउने घोषणा गरेको र सोही अनुसार स्थानीय तहले २०८२/०२/१५ गतेसम्म सडक बालबलिका मुक्त स्थानीय तह घोषणा गर्नुपर्ने र सम्वत् २०८२ साल ज्येष्ठ मसान्तसम्ममा लुम्विनी प्रदेशलाई सडक बालबालिका मुक्त प्रदेश बनाउने तथा घोषणा गर्नुपर्ने भएकाले आफ्नो स्थानीय तह तथा वडालाई सडक बालबालिका मुक्त बनाउने तथा घोषणा गर्ने सम्बन्धमा पत्राचार भइआएको गाउँपालिकाको च.नं. १६९२ मिति २०८२/०३/०१ गतेको पत्रानुसार वडा कार्यालयभित्रका टोल/समूदाय/गाउँवस्ती/गल्ली तथा सडकको कुनै स्थानमा सडकमा बस्ने बालबालिका भए नभएको एकिन गर्नका लागि ७ दिने सार्वजनिक सूचना टाँस गरी खोजतलास तथा अनुगमनका क्रममा सडकमा बस्ने वालवालिका फेला परे/नपरेमा वडाको निर्णय समेतका आधारमा सडक बालबालिका मुक्त वडा घोषणाका लागि पत्राचार भई आएको

वडा नं. १ को च.नं. २१६३ मिति २०८२/०३/१८, वडा नं. २ को च.नं. १९३८ मिति २०८२/०३/२४, वडा नं. ३ को च.नं. २९२६ मिति २०८२/०३/१९, वडा नं. ४ को च.नं. २९४६ मिति २०८२/०३/२३ र वडा नं. ५ को च.नं. २३४२ मिति २०८२/०३/२३ गतेको पत्रवाट सडक वालवालिका मुक्त वडा घोषणा भई आएकाले सडक बालबालिका मुक्त वडा, स्थानीय तह र प्रदेश घोषणा सम्बन्धी कार्यविधि को दफा २ को उपदफा ५ बमोजिम दफा ३(१) को व्यवस्था प्रयोजनार्थ यस कञ्चन गाउँपालिकालाई सडक बालबालिका मुक्त पालिका घोषणा गर्ने ।

२.२. आ.व. २०८२/८३ को दर रेट स्वीकृत गर्ने सम्बन्धमा,

यस गाउँपालिकावाट सञ्चालित योजनाहरूको लागत अनुमान तयार लगायत खरिद प्रक्रिया अगाडी वढाउनका लागि आर्थिक वर्ष २०८२/८३ मा जिल्ला दररेटलाई आधार मानि तयार भई पूर्वाधार विकास शाखा (प्राविधिक शाखा)बाट पेश भएको देहाय अनुसारको रेट विश्लेषण (Rate Analysis) लाई स्वीकृत गर्ने ।

क. Analysis of Contract Rates Roads - For User Committee

ख. Analysis of Contract Rates Roads - For Contractor

ग. Analysis of Contract Rates Building - For User Committee

घ. Analysis of Contract Rates Building - For Contractor

२.३. अध्ययन विदा सिफारिस सम्बन्धमा,

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४२१ मिति २०८१/१२/१७ गतेको पत्रबाट चीन सरकारबाट प्राप्त China/MOFCOM Scholarship (अध्ययन छात्रवृत्ति) कार्यक्रमका लागि यस गाउँपालिकाका इन्जिनियर श्री सुबोध ज्ञवाली (क.सं.नं.२४१६६५) मिति २०८२/०१/०७ को गाउँ कार्यपालिकाको निर्णय बमोजिम मनोनयन गरी नेपाल सरकार अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा सिफारिस गरी पठाइएको, सोही बमोजिम Southwest Jiaotong University बाट Doctoral Study in Traffic Engineering का लागि सन् २०२५/०९/०१ देखि २०२९/०७/१५ अवधिमा अध्ययनका लागि छनोट भएको हुँदा सो अवधिको तलबी अध्ययन विदा स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशमा सिफारिस गर्ने ।

कर्मचारी विवरण

| नाम | पद | तह | सेवा/समूह | क.सं.नं. |
|---|---|---|---|---|
| सुबोध ज्ञवाली | इन्जिनियर | सातौ | स्थानीय इन्जिनियरिङ्ग/सिभिल | २४१६६५ |

<u>अन्त्यमा,</u> गाउँपालिका अध्यक्ष श्री नवराज ढकालबाट दोस्रो कार्यपालिकाको बैठकमा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै आजको कार्यपालिकाको बैठक अन्त्य भएको घोषणा गर्नु भयो।